नेपाल सरकार

शिक्षा मन्त्रालय

# शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा

केशरमहल

Phone: 01-4411704
Website: www.moe.gov.np

## सेवा सञ्चालन स्वीकृतिका लागि आवेदन गर्ने समयावधि थप गरिएकोसम्बन्धी

## अत्यन्त जरुरी सूचना

स्वदेश तथा विदेश स्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि भाषा शिक्षण, तालिम, पूर्व तयारी कक्षा तथा परामर्श सेवा र सोवापत विद्यार्थीहरूसँग लिने शुल्क तथा ती संस्थाहरूबाट विद्यार्थीलाई प्रदान गरिने सेवा तथा सुविधासमेतलाई व्यवस्थित र सरलीकृत गर्ने गराउने प्रयोजनका लागि यस मन्त्रालयद्वारा जारी गरिएको **'शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०६८'** बमोजिम शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा, भाषा शिक्षण कक्षा सञ्चालन गरिरहेका र गर्न चाहने संस्थाले शिक्षा मन्त्रालयबाट अनिवार्यरूपमा सेवा सञ्चालन स्वीकृती लिनुपर्ने व्यवस्था भएबमोजिम २०७० कार्तिक ६ गतेदेखि २०७० मंसिर ५ गतेसम्म सेवा सञ्चालन स्वीकृतिका लागि आवेदन गर्ने समयावधि तोकी सूचना प्रकाशित गरिएकोमा सो अवधिमा तिहार विदा तथा संविधान सभा निर्वाचनको सार्वजनिक विदा परेको लगायतका कारणबाट आवेदन पेस गर्न नसकिएकोले पुनः म्याद थपका लागि अनुरोध भई आएअनुरूप मन्त्रालयको मिति २०७१/०१/२१ को निर्णय अनुसार आवेदन गर्ने समयावधि २१ दिन थप गरिएको हुँदा २०७१ जेष्ठ १ गतेदेखि २०७१ जेष्ठ २१ गतेसम्म मन्त्रालयको केशरमहल परिसर स्थित शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखामा तल उल्लेख भएअनुसारका कागजात संलग्न राखी आवेदन पेस गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लिखित व्यवस्थाबमोजिम सेवा सञ्चालन स्वीकृतीका लागि आवेदन दिई स्वीकृती प्राप्त संस्थाहरूको मात्र नामावली प्रकाशन गरिने हुँदा उक्त नामावली प्रकाशनपछि स्वीकृती नलिएका संस्थाहरूमा पर्न जाने असरका लागि संस्था स्वयम् नै जिम्मेवार हुने व्यहोरासमेत सूचित गरिन्छ ।

**आवेदन फाराम मन्त्रालयको वेवसाइट www.moe.gov.np बाट डाउनलोड गर्न वा शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा, केशरमहलबाट लिन सकिने छ ।**

### स्वीकृती लिनुपर्ने सेवा सञ्चालनका क्षेत्रहरू :

शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०६८ बमोजिम देहायका क्षेत्रमा सेवा सञ्चालन गर्न चाहने संस्थाले सेवा सञ्चालन स्वीकृती लिनु पर्ने छ :

(१) शैक्षिक परामर्श सेवा (स्वदेश तथा विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीलाई विषय, तह र शिक्षण संस्था छनौट गर्ने, शिक्षण संस्थामा प्रवेशका लागि तयारी गर्नेलगायतका अध्ययनसँग सम्बन्धित सबै प्रकारका परामर्श प्रदान गर्ने सेवा),

(२) पूर्व तयारी कक्षा (उच्च शिक्षा अध्ययनको तयारीका लागि सञ्चालन गरिने ENTRANCE EXAM PREPARATION, BRIDGE COURSE, TRAINING COURSE, TUITION/COACHING,

TOEFL, IELTS, SAT, GRE, JLPT, GMAT परीक्षाको तयारी कक्षा लगायतका सबै प्रकारका तयारी कक्षाहरू),

(३) भाषा शिक्षण कक्षा (शिक्षण संस्थामा अध्ययन गर्नका लागि आवश्यक पर्ने अङ्ग्रेजी, चाइनीज, जापानीज, जर्मन, फ्रेन्च, रसियन, कोरियनलगायतका सबै प्रकारका भाषाहरूको शिक्षण)

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरूः**

(क) कम्पनी रजिष्ट्रेसन प्रमाणपत्रको प्रतिलिपि,

(ख) फर्म वा कम्पनीको स्वीकृत प्रवन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

(ग) सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्थायी लेखा प्रमाणपत्र (VAT/PAN) को प्रतिलिपि तथा कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) कम्तिमा दुई जना परामर्शदाताको प्रमाणपत्र,

(च) कुनै पनि देशको कम्तीमा दुईओटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएको प्रमाणपत्रको प्रतिलिपि,

(छ) कम्तीमा २ वर्षका लागि घर भाडामा लिएको सम्झौतापत्रको प्रतिलिपि,

(ज) संस्थाको नाममा खाता सञ्चालनमा रहेको व्यहोराको सम्बन्धित बैंकको सिफारिस पत्र,

(झ) संस्थाले प्रदान गर्ने सेवा सुविधा, कार्यप्रक्रिया, लागतसमेत खुलाइएको विवरण,

(ञ) भाषा वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको शैक्षिक योग्यता खुलेको प्रमाणपत्रको प्रतिलिपिसहितको विवरण,

(ट) राष्ट्रिय वाणिज्य बैंकमा राजश्व वापत रु. ५,०००।– र फाराम शुल्क बापत रु. १००।– गरी जम्मा रु. ५,१००।– (अक्षेरेपी पाँचहजार एक सय रूपियाँ मात्र) राजस्व खाता नं. १–४–२–२–७ मा बुझाएको सक्कलै भौचर ।

**सेवा प्रदायक संस्थाले पालना गर्नुपर्ने न्युनतम सर्तहरूः**

(क) संस्थाको लागि छुट्टै कार्यालयको व्यवस्था हुनु पर्ने,

(ख) संस्थाको ठेगाना तथा सम्पर्क टेलिफोन, इमेलसमेत स्पष्ट खुलेको हुनु पर्ने,

(ग) संस्थाले आफूलाई प्रदान गरिएको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नु पर्ने,

(घ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा तथा भाषा प्रशिक्षण सेवा प्रदान गर्नुपर्ने,

(ङ) नेपाली नागरिकबाहेक अरूलाई शैक्षिक परामर्शदाता, पूर्व तयारी कक्षाको प्रशिक्षक वा भाषा प्रशिक्षकको रुपमा काम गराउनु पर्ने भए सोको लागि मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिएको हुनु पर्ने,

(च) सेवा शुल्क पूर्ण रुपमा पारदर्शी हुनु पर्ने,

(छ) सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्र कार्य थालनी गर्नु पर्ने,

(ज) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन विषयमा सल्लाह, सुझाव, परामर्श, प्रशिक्षण दिन र प्रकाशन एवम् प्रसारण नगर्ने,

(झ) शिक्षा मन्त्रालयको अनुमति प्राप्त गरेर मात्र शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा तथा भाषा शिक्षण कक्षा सञ्चालन गर्नु पर्ने,

(ञ) पूर्व तयारी कक्षा, भाषा शिक्षण एवम् तालिम प्रदायक संस्थामा पर्याप्त मानवीय स्रोतलगायत भौतिक पूर्वाधार, शिक्षण सामग्री तथा पुस्तकालयको सुविधा हुनु पर्ने,

(ट) संस्थाको स्थायी लेखा प्रमाण–पत्र, संस्था दर्ता प्रमाण–पत्र, संस्थाबाट प्रदान गरिने सेवा, कार्यप्रक्रिया र लागतसमेत खुलाई सबैले स्पष्ट रुपमा देख्ने गरी कार्यालयमा राख्नु पर्ने ।

<u>सेवा प्रदायक संस्था तथा विद्यार्थी वा अभिभावकबीचको सम्झौतासम्बन्धी व्यवस्थाः</u>

शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सञ्चालन गर्ने संस्थाले सेवाग्राहीसँग निम्नअनुसारको विवरण खुलाई लिखित सम्झौता गरेर मात्र सेवा प्रवाह गर्नु गराउनु पर्ने छ :

(क) कलेजको नाम, विषय र तह खुलेको हुनु पर्ने,

(ख) के कति शुल्क वा वार्षिक खर्च आवश्यक पर्ने हो सो खुलेको हुनु पर्ने,

(ग) विद्यार्थीहरूले पेश गर्नुपर्ने कागजातहरू,

(घ) आफूले परामर्श वा प्रशिक्षण प्रदान गर्ने विषय, अवधि, उपाधि, स्तर निर्धारिण, समकक्षता, लागत (धरौटी,आवेदन शुल्क, प्रवेश शुल्क, धरौटी फिर्ता प्रक्रिया, आवास खर्च, निर्वाह खर्च, निःशुल्क वृत्ति आदि), देश, विश्वविद्यालय, कलेज खुलेको हुनु पर्ने ।

(ङ) सेवा शुल्क एवम् थप अन्य केही भए सोसमेत खुलाउनु पर्ने ।

**सेवासम्बन्धी प्रचारप्रसारका सर्तहरूः**

शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा वा भाषा शिक्षण सञ्चालन गर्ने संस्थाले अफ्नो सेवासम्बन्धी प्रचारप्रसार गर्दा देहायका सर्तहरू अनिवार्य रुपमा पालना गर्नु पर्ने छ :

(क) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन कुरा राखी प्रचारप्रसार वा विज्ञापन गर्न नहुने,

(ख) सेवा प्रदायक संस्थाले लिखित प्रत्याभुति गर्न नसक्ने (छात्रवृत्ति प्राप्तिको सुनिश्चितता, भिसा प्राप्तिको सुनिश्चितता, काम गर्न पाउने सुनिश्चितता, रेसिडेन्सी प्राप्तिको सुनिश्चितता आदि) विषयमा प्रचारप्रसार वा विज्ञापन गर्न नहुने,

(ग) आफ्नो प्रचार सामग्रीमा संस्थाको दर्ता नं., सेवा सञ्चालन स्वीकृति नं., सम्पर्क ठेगाना तथा टेलिफोन नं., इमेल ठेगाना आदि स्पष्ट खुलेको हुनु पर्ने,

(घ) आफूले परामर्श वा प्रशिक्षण प्रदान गर्ने देश, विश्वविद्यालय, कलेज, विषय, अवधि, उपाधि, लागत, मान्यता, स्तर निर्धारण आदि स्पष्टरूपमा खुलाउनु पर्ने,

**शैक्षिक मेला वा प्रदर्शनी आयोजनाको स्वीकृतिसम्बन्धी व्यवस्थाः**

शैक्षिक मेला, प्रदर्शनी वा विद्यार्थी भर्ना गर्ने प्रयोजनका लागि सञ्चालन गरिने जुनसुकै किसिमका सभा, सेमिनार, गोष्ठी, तालिमलगायतका जुनसुकै कार्यक्रम आयोजना गर्दा यस मन्त्रालयबाट अनिवार्य रुपमा पूर्वस्वीकृती लिनु पर्ने छ । उल्लिखित प्रकृतिका कार्यक्रमका लागि देहायअनुसारका कागजात संलग्न गरी कार्यक्रम सुरु हुनुभन्दा कम्तिमा सात दिन अगावै मन्त्रालयसमक्ष स्वीकृतिका लागि आवेदन गर्नु पर्ने छ :

(१) नेपालको स्थायी वा अस्थायी VAT/PAN को प्रमाणपत्र तथा कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,
(२) कार्यक्रम सञ्चालनका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रदान गरेको इजाजत पत्र,
(३) मेला वा प्रदर्शनी लगायतका कार्यक्रममा सामेल हुने शिक्षण संस्था, विषय, तह, लागत, उपाधिको मान्यता र समकक्षता बारेको विस्तृत विवरण,
(४) मेला वा प्रदर्शनीको कार्यक्रमसम्बन्धी विस्तृत विवरण,
(५) विदेशी आयोजक भए सम्बन्धित देशको कुटनीतिक निकायको सिफारिस पत्र ।
(६) राजश्व वापत स्वदेशी आयोजक भए रू. ५०००।– र विदेशी आयोजक भए US$ 1000 राष्ट्रिय वाणिज्य बैंक, ठमेल शाखा वा केशरमहल परिसरस्थित बैंक काउन्टरमा बुझाएको सक्कलै भौचर ।
(७) कार्यक्रम स्थल उपलब्ध गराएको सम्बन्धित निकाय वा संस्थाको पत्र ।
(८) शैक्षिक परामर्श सेवा प्रदान गर्ने अभिप्रायले तोकिएका कागजातहरू संलग्न गरी पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्त मेला वा प्रदर्शनी आयोजना गर्न उचित छ भन्ने देखिएमा मात्र सञ्चालनका लागि स्वीकृति पत्र दिइने छ ।

**लेखा प्रणालीसम्बन्धी व्यवस्थाः**

सेवा सञ्चालन गर्ने संस्थाले देहायबमोजिम लेखा प्रणालीको व्यवस्था गर्न गराउनु पर्ने छ :

(क) आर्थिक पारदर्शिताका लागि शैक्षिक परामर्शदाता संस्थाहरू वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण गर्ने संस्थाहरूले आयव्ययको विवरण स्पष्ट खुल्ने गरी राख्नु पर्ने,
(ख) महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा लेखा प्रणालीको अवलम्वन गर्नु पर्ने र प्रत्येक वर्ष आयव्ययको विवरण अद्यावधिक गरी राख्नु पर्ने,
(ग) मान्यता प्राप्त (Registered) लेखापरीक्षकबाट प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गराई सोको प्रतिवेदन संस्था नविकरणका बखत मन्त्रालय वा मन्त्रालयले तोकिदिएको निकायसमक्ष पेस गर्नु पर्ने ।

**परामर्शदाताको सिफारिससम्वन्धी व्यवस्था :**

शैक्षिनक परामर्श तथा प्रशिक्षणसम्वधी तालिमका सम्वन्धमा अर्को व्यवस्था नभएसम्मका लागि नेपाल शैक्षिक परामर्श संघ (ECAN) ले देहायको आधारमा परामर्शदाताको रूपमा सिफारिस गर्न सक्ने गरी व्यवस्था गरिएको छ :

**आधार :**

"स्नातक तह उत्तीर्ण गरी शैक्षिक परामर्शका क्षेत्रमा लगातार ३ वर्ष काम गरेका आधारमा प्रति संस्था प्रति वर्ष बढीमा २ जनाका दरले ।"

**पुनश्च :** यसअघि अनलाइनमार्फत् आवेदन गर्ने संस्थाहरूले पेस गर्न बाँकी कागजातहरू पेस गर्नहुन तथा सक्कल कागजातहरूसहित यस शाखामा यथाशीघ्र सम्पर्क राख्नहुन अनुरोध गरिन्छ ।